# कालिमाटी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
रामपुर, सल्यान
कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या: २०८२/०८३ सूचना नं. २४ मितिः २०८२/०८/०२

**गंगामाला मन्दिर तथा मेला व्यवस्थापन सम्बन्धी सूचना ।**

कालिमाटी गाउँपालिका वडा नं. ३ मा परापूर्वकाल देखि धान्य पूर्णिमाको अवसरमा लाग्दै आएको ऐतिहासिक कालिमाटी मेला मिति २०८२/०८/१७ देखि २०८२/०८/१९ गते सम्म लाग्ने सबैमा सर्वविदितै छ ।सो अवसरमा मेलाक्षेत्रको व्यवस्थापन तथा कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित गंगामाला भगवतिको दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरुले भाकल स्वरुप चढाउने पशुपंक्षीको बलिबाट प्राप्त टाउका खुट्टा लगाएत समग्र मन्दिर व्यवस्थापन कार्य गर्नका लागि रु. १,५०,०००।– (अक्षरुपी एकलाख पचास हजार मात्र) नघटाई प्रचलित कानून बमोजिम बढीबढाउमा ठेक्का टेण्डर गर्ने कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०८।०१ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा कार्यालय समयमा तपसिलमा रहेका शर्तहरुको अधिनमा रही रितपूर्वक ठेक्का बोलकबोल गर्न समेत जानकारी गरिन्छ ।

**शर्तहरु**

**मन्दिर क्षेत्र**

१. गंगामाला मन्दिर दर्शन गर्न आउने भक्तालुहरुले मिति २०८२।०८।१७ गते देखि २०८२।०८।१९ गतेसम्मको दैनिक भाकल स्वरुप ल्याउने पशुपंछीका टाउका तथा खुट्टाहरुको विक्री वितरणका लागि गंगामाला मन्दिर व्यवस्थापन समितिले तोकेको प्रचलित चलन चल्तीको दर प्रति केजी रु. २५०।- (अक्षरुपी दुईसय पचास मात्र) मा नबढाइ विक्री वितरण गर्ने ।

२. मिति २०८२।०८।१७ गते देखि मिति २०८२।०८।१९ गतेसम्म जम्मा ३ (तीन) दिनको पुजारी तथा मन्दिर लेखापालले पाउने नियमानुसार खाइपाइ आएको अतिरिक्त पारिश्रमिक बोलकबोलवाला व्यक्ति वा फर्मले व्यहोर्नुपर्ने ।

३. ठेक्का दर्ता शुल्क रु. १०००।- (अक्षरुपी एकहजार मात्र) बुझाउनुपर्ने ।

**मेला क्षेत्र**

१. मेला आसपासका क्षेत्रमा रेखाङ्कित स्टलहरुको व्यवस्थापन गर्ने ।

२. पार्किङको छुट्टै व्यवस्थापन गर्नुपर्ने ।

३. मेला क्षेत्रको व्यापारिक स्टलहरुको लागि प्रति वर्गमिटर रु २०० (अक्षरुपी दुईसय) नबढाई लिनुपर्ने ।

४. मेलालाई शान्तिपूर्ण भयरहित वातावरण सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने ।

नोटः- बढीबढाउमा ठेक्का पार्ने व्यक्ति वा फर्मले बोलकबोल गरेको शतप्रतिशत रकम यस कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको भौचर वा रसिद पेश गरेर ठेक्का सम्झौता गर्नुपर्ने छ ।

यज्ञ बहादुर खत्री
नि.प्रमुख प्रशासकीय अधिकृत

ईमेलःito.kalimatigaupalika@gmail.com
वेबसाईटः https://kalimatimun.gov.np